# **<u>सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण (तेस्रो संशोधन) ऐन, २०८३</u>**

*<u>प्रमाणीकरण मिति :</u>*
२०८३।३।२५

संवत् २०८३ सालको ऐन नं. ०५

**<u>सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ लाई संशोधन गर्न बनेको ऐन</u>**

**<u>प्रस्तावना</u>** : सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस ऐनको नाम "सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण (तेस्रो संशोधन) ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा १३ मा संशोधन</u>** : सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (यसपछि "मूल ऐन" भनिएको) को दफा १३ को उपदफा (१) को

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) सम्बद्ध कसूरसँग सम्बन्धित नभएको सम्पत्ति शुद्धीकरण सम्बन्धी विषय भए विभागमा।"

३. **<u>मूल ऐनको दफा २२ मा संशोधन</u>** : मूल ऐनको दफा २२ को उपदफा (१) मा रहेका "सम्बन्धित सरकारी वकील कार्यालयमा" भन्ने शब्दहरूको सट्टा "विभागको हकमा महान्यायाधिवक्ताले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको सरकारी वकील कार्यालयमा र अन्यको हकमा सम्बन्धित सरकारी वकील कार्यालयमा" भन्ने शब्दहरू राखिएका छन्।

४. **<u>खारेजी र बचाउ</u>** : (१) सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण (तेस्रो संशोधन) अध्यादेश, २०८३ खारेज गरिएको छ।

(२) सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण (तेस्रो संशोधन) अध्यादेश, २०८३ बमोजिम विशेष अदालतमा दर्ता भइसकेका सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दा सोही अदालतबाट कारबाही, सुनुवाइ र किनारा गर्न बाधा पर्ने छैन।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण (तेस्रो संशोधन) अध्यादेश, २०८३ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय